**समृद्ध छेडागाड, हाम्रो भविष्य**

छेडागाड नगरपालिका नगरसभाको बैठकमा नगर प्रमुख श्री रत्न बहादुर खड्काज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को

# नीति तथा कार्यक्रम

**छेडागाड नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**कार्कीगाउँ, जाजरकोट ।**

असार १०, २०७९

छेडागाड नगरपालिकाको यस नगरसभामा उपस्थित नगर उपप्रमुख, सभा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी साथीहरु ।

**प्रारम्भिक**

१. नेपाली जनताको पटक  पटकको त्याग र बलिदानी पश्चात जनताको सबैभन्दा नजिकको निकायबाट सरकार संचालन गरिँदा जनताहरु बढी अधिकार सम्पन्न हुन्छन भन्ने मूल मान्यताका साथ नेपालमा संघीय शासन प्रणालीलाई संस्थागत गर्ने गरी विक्रम सम्बत २०७२ साल असोज ३ गते जारी भएको नेपालको बर्तमान संविधानले निर्दिष्ट गरेका प्रावधान र व्यवस्था अनुसार मिति २०७३।११।०२ मा नेपाल राजपत्रमा सूचना प्रकाशित भएपछि स्थापित यस छेडागाड नगरपालिकाको आ.व. २०७९।८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न लाग्दाको यस सुनौलो अवसरमा मैले अत्यन्त गौरवको अनुभूति गरिरहेको छु ।

२. यस अवसरमा नेपाली जनताको हक अधिकारहरुलाई स्थापित गर्न आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । नेपाली नागरिकहरुको हक अधिकारहरु स्थापित गर्नको लागि पटक पटक हुने गरेका आन्दोलनहरुमा घाईते अपांग हुनुहुने सम्पूर्ण महानुभावहरुमा शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु र तीनै आन्दोलनहरुको कारण घरबारविहिन र वेपत्ता भएका परिवारका परिवारजनहरुलाई क्षतीपुर्तीको व्यवस्था हुनुपर्ने कुरामा प्रतिवद्धता समेत व्यक्त गर्दछु । साथै त्यस्ता आन्दोलनहरुको अग्रपंक्तिमा रहेर हरतरहबाट आफ्नो योगदान पुर्याउनुहुने सम्पूर्ण व्यक्तित्वहरुको योगदानको स्मरण गर्दै उच्च सम्मान समेत व्यक्त गर्दछु ।

३. छेडागाडबासीहरुले अगाध स्नेह, माया ममता र विश्वास गरी २०७४ सालमा पहिलो स्थानीय तहको निर्वाचनबाट निर्वाचित गरी निर्वाचित जनप्रतिनिधीहरुलाई शासन सत्ताको बागडोर सम्हाल्न शासन र प्रशासनको साँचो हस्तान्तरण गर्नु भयो । वहाँहरुबाट आम छेडागाडबासी आमाबुवा दाजुभाई तथा दिदीबहिनीहरुले अपेक्षा गरे अनुरुपको शासन सत्ताको अनुभूती गर्न पाउनु भयो होला भन्ने आशा गरेको छु । साथै यसै अवसरमा ५ वर्षे कार्यकाल व्यतित गरेर विदाई हुनुहने सम्पूर्ण पूर्व जनप्रतिनिधीज्यूहरुलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु । पहिलो ५ वर्षभित्रका जनप्रतिनिधीले कार्यान्वयन गरेका अनुकरणीय कार्यहरुलाई निरन्तरता दिने वाचा समेत गर्दछु । त्यसैगरी पहिलो पाँच वर्ष व्यतित गरी पुन: दोश्रो स्थानीय तहको निर्वाचन मार्फत हामीलाई अनुमोदन गरी शासन सत्ताको बागडोर सुम्पिनुहुने आम छेडागाडबासी आदरणीय जनताजनार्धनहरु प्रति हार्दिक आभार प्रकट गर्दै यहाँहरुको विश्वासलाई शिरोपर गरी हाम्रो हरेक कदमहरु छेडागाडबासीहरुको हक हित र अधिकारको लागि अगाडी बढ्ने छन् । साथै समृद्ध छेडागाड सुखी छेडागाडबासीहरुको परिकल्पनालाई साकार बनाउनतर्फ लाग्ने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।

४. विगत लामो समय देखि मानव जाती माथिकै सबैभन्दा ठूलो संकट उत्पन्न गरिरहेको कोरोना भाइरस (COVID-19) दोश्रो लहर हुँदै हालसम्म विभिन्न चरणहरुमा प्रवेश गरे सँगै आक्रान्त भइरहेको यस नगरपालिकाले पनि आफ्ना नीति तथा कार्यक्रमहरु सोही बमोजिम तर्जुमा गर्नुपर्ने देखिन्छ । हाल यसको असर मत्थर भए तापनि भविष्यमा यसले अझै क्षति नगर्ला भन्न सकिन्न । त्यसैले हामीले आगामी आ.व. २०७९।८० को नीति तथा कार्यक्रममा यस तर्फ पनि ध्यान दिनुपर्ने देखिन्छ ।

५. छेडागाड नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/८० देखि कार्यान्वयन हुने विकास निर्माणका आयोजनाहरुको मर्मत संभार गर्नको लागि कूल योजनामा विनियोजित बजेटको १० प्रतिशत बजेट नगरपालिकाले स्थापना गरेको मर्मत संभार कोषमा अनिवार्य रुपमा कट्टी गरी जम्मा गर्ने नीति अवलम्बन गरिनेछ ।

६. प्राकृतिक प्रकोपको दृष्टिकोणले छेडागाड नगरपालिका अत्यन्तै जोखिममा रहेको पालिका हो । यहाँ वर्षेनी धेरै मात्रामा खेती योग्य जग्गा जमिनमा लगाएको अन्नबालीहरु बाढी र पहिरोले नष्ट हुने र हावाहुरीका साथै आगलागीका कारण बस्ती तथा घरहरु जोखिममा परी स्थानान्तरण गर्नुपर्ने अवस्थाको सृजना हुने गरेको छ । भीर तथा रुखबाट लडेर तथा चट्यांग लागेर मानिसहरु मर्ने, अंगभंग हुने र रोगव्याधी लागेर सयौं मान्छेहरुलाई औषधी उपचार खर्च र राहत उपलब्ध गराउनुपर्ने बाध्यात्मक अवस्था सृजना हुने गरेको छ । त्यसैले प्रकोप व्यवस्थापन कार्यलाई आगामी आ. व. २०७९।८० मा हामीले उच्च प्राथिमकतामा राखी कार्यक्रम तर्जुमा गर्नुपर्नेछ।

७. छेडागाड नगरपालिकाको धेरै जसो स्थानीय बजारहरुमा स्थानीय मदिराहरु अवैध रुपमा विक्री वितरण हुने गरेको र सो बाट विशेष गरी यूवाहरु मदिरा सेवन गरी कुलतमा लाग्ने परम्परा बढ्दै गइरहेको र सामाजिक सद्भाव समेत खल्बलिदै गइरहेको सन्दर्भमा अवैध रुपमा मदिरा विक्री वितरण गर्ने कार्यलाई पूर्ण रुपमा बन्देज गरिनेछ।

८. विगत आर्थिक वर्षहरुमा छेडागाड नगरपालिकाबाट टेण्डर मार्फत सम्झौता भएर कार्यान्वयनमा रहेका र कोरोना भाइसरको कारण निर्धारित समयावधी भित्र सम्पन्न नभई चालु आर्थिक र आगामी आर्थिक वर्षमा समेत सम्पन्न हुने क्रमागत योजनाहरुको म्याद थप गरिसकेको हुनाले उक्त योजनाहरुमा बजेट विनियोजन नहुँदा भुक्तानी हुन समेत समस्या भएको छ । जसमा स्वास्थ्य चौकी भवन निर्माण साल्मा, आधारभूत स्वास्थ्य चौकि भवन निर्माण छेनपा १० नाउली, आधारभूत स्वास्थ्य चौकी भवन निर्माण छेनपा ९ जाल्मा, वडा कार्यालय भवन निर्माण ९, १० र ११ लगायतका योजनाहरुमा बजेटको व्यवस्थापन हुन नसकिरहेको सन्दर्भमा उक्त योजनाहरुमा पर्याप्त हुने गरी बजेटको व्यवस्थापन गर्नुपर्ने देखिन्छ । त्यसैगरी राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निर्माण हुने RCC मोडलका विद्यालय भवनहरुलाई पनि बजेटको व्यवस्थापन गरी सोही मोडालिटीको आधारमा अगाडी बढ्नुपर्ने अवस्था आएको छ ।

**सभा सदस्यज्यूहरु**

९. छेडागाड नगरपालिकामा रहेका प्राथमिक विद्यालय, आधारभूत विद्यालय र माविहरु धेरै संख्यामा हुनु र शिक्षक दरबन्दी र विषयगत शिक्षक नहुँदा विद्यार्थीको शैक्षिक गुणस्तर खस्किरहेको सन्दर्भमा विद्यालय मर्ज तथा बालविकास केन्द्रहरुलाई आवश्यकता र औचित्यको आधारमा मात्र राख्ने र अनावश्यक बालविकास तथा विद्यायहरुलाई खारेजीको नीति अवलम्बन गरिनेछ ।

१०. नगरपालिकाको आन्तरिक श्रोत अत्यन्त न्यून हुनु र अस्थायी, करार तथा ज्यालादारीमा नियुक्ति भएका कर्मचारीहरु संख्यामा धेरै हुनु ठूलो समस्या तथा चुनौतीको रुपमा रहेको छ ।स्वास्थ्य तर्फका कर्मचारीहरु काजमा आई स्वीकृत दरबन्दी भन्दा पनि धेरै हुनाले धेरै संख्यामा स्वास्थ्य तर्फका कर्मचारीहरु फाजिलमा रहेका छन । यसरी अव्यवस्थित जनशक्तीलाई यथोचित व्यवस्थापन गरिनेछ ।

११. नगरपालिकाको आन्तरीक श्रोत कमजोर हुँदा संघीय सरकार तथा प्रदेश सरकारको अनुदानको भरमा मात्र पर्नुपर्ने अवस्थालाई मध्यनजर गरी नगरपालिकाले तत्काल राजश्व सुधार कार्ययोजना निर्माण गरी अनिवार्य रुपमा सम्पती कर लागु गर्ने र नगरपालिका क्षेत्रभित्र रहेका व्यवसायहरुलाई करको दायरामा ल्याउन व्यवसाय दर्ता तथा नविकरणको लागि घुम्ती शिविर संचालन गर्ने साथै नगरपालिका क्षेत्रभित्र रहेका ढुंगा, गिट्टी बालुवाको उत्खनन् तथा वितरण गर्नको लागि आगामी आ.व. को पहिलो चौमासिक भित्र टेण्डर आह्वान गरी आन्तरिक श्रोत बृद्धि गरिनेछ ।

१२. छेडागाड नगरपालिकाको प्रशासनिक केन्द्रको टुंगो नलागेको अवस्थामा नगरपालिकाको दैनिक कार्यसंचालनमा कठिनाई र छेडागाडबासीहरुका मनस्थिति पनि विचलित भएको अवस्थामा तत्काल नगरपालिकाको

केन्द्र निर्धारण गरी प्रशासनिक भवन निर्माण लगायतका संरचनाहरु निर्माण गरी प्रभावकारी सेवा उपलब्ध गराइनेछ ।

१३. छेडागाड नगरपालिका भौगोलिक दृष्टिकोणले अति विकट हुनुले पनि नगरपालिकामा उपलब्ध गराउनु पर्ने सुलभ स्वास्थ्य सेवा तथा विरामी गर्भवती महिलाहरुलाई हेलिकप्टर प्रयोग गरी उद्दार गर्नुपर्ने र महंगो भाडा तिर्नुपर्ने अवस्थालाई मध्यनजर गरी आगामी आर्थिक वर्ष देखि कार्कीगाउँ स्वास्थ्य चौकीको माताहतमा रहने गरी १ वटा, दशेरा स्वास्थ्य चौकीको माताहतमा रहने गरी १ वटा र नगर अस्पतालको माताहतमा रहने गरी १ वटा सुलभ एम्बुलेन्स सेवा संचालन गरिनेछ ।

१४. यस नगरपालिकामा आगामी आर्थिक वर्ष २०७९/८० मा काम गर्ने विभिन्न दातृ निकायहरुबाट प्राप्त कार्यक्रमलाई प्रभावकारी रुपमा संचालनको लागि वार्षिक विकास कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिनेछ ।

१५. नगरपालिकाको आन्तरिक आम्दानी सुनिश्चित गरी समग्र सुरक्षा व्यवस्थालाई मध्यनजर गरी नगर प्रहरीको व्यवस्था गरिनेछ ।

१६. विगतका आर्थिक वर्ष देखि थपिँदै आइरहेको तथा महालेखा परीक्षणको प्रतिवेदनले औंल्याएको बेरुजु फछ्यौंट गर्ने कार्यलाई पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ र वेरुजु फर्छ्यौटको लागि आर्थिक प्रशासन शाखा तथा आलेप शाखालाई क्षमता विकासका कार्यहरु संचालन गर्ने नीति लिइनेछ।

१७. यस नगरपालिकाका विविध विषयहरुमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरीहरुलाई व्यवस्थापन तथा उजुरीहरुको सहजीकरण गर्नको लागि एकजना फोकल पर्सन तोकी सोही बमोजिम अख्तियारका उजुरीहरुको सहजीकरण तथा व्यवस्थापन गरिनेछ ।

१८. छेडागाड नगरपालिका क्षेत्रभित्र संचालन हुने विभिन्न विकास निर्माणका कार्यहरुलाई थप प्रभावकारी र व्यवस्थित गराउनको लागि नगरपालिका स्तरीय परियोजना सल्लाहकार समितिलाई सक्रिय बनाई सोही अनुसार कार्यान्वयन गरिनेछ ।

१९. नगरपालिका तथा प्रत्येक वडा कार्यालयहरुको नियमित अनुगमन गरी वडाबाट सम्पादन गरिने कार्यहरुको प्रभावकारीतालाई मध्यनजर गरी ई- हाजिरी तथा नियमित अनुगमन र निरीक्षण गरिनेछ ।

**नीति तथा कार्यक्रमहरु**

२०. यस छेडागाड नगरपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपलको संविधानले अवलम्बन गरेका लोककल्णकारी राज्यको अवधारणा, कानूनी राज्य, मानव अधिकार, आर्थिक सामाजिक र राजनीतिक अधिकारहरु तथा समाजवाद उन्मुख अर्थतन्त्रको मान्यतालाई आत्मसात गर्दै चालु आर्थिक वर्षमा सिर्जना हुनसक्ने थप दायित्व तथा संघीय सरकार तथा प्रदेश सरकार र नगरपालिकाको आवधिक योजनाले लक्षित गरेका प्राथमिकताका क्षेत्रहरुलाई समेत एथोचित सम्बोधन गर्ने प्रयत्न गरिएको छ ।

**नगरसभाका सदस्यज्यूहरु**

**कृषि र पशुपंक्षि विकास तर्फ**

२१. छेडागाड नगरपालिका वडा नं. १२ को आल र वडा नं. ४ को जेवामा बाख्रा पकेट क्षेत्र स्थापना तथा संचालनमा रहेका छन् । त्यसैगरी वडा नं. ३, ४ र ६ मा भटमास पकेट क्षेत्र स्थापना तथा संचालनमा रहेका छन् भने छेनपा ८ को रुवमा ओखर, छेनपा ९ मा लसुन पकेट क्षेत्र स्थापना तथा संचालन भएको छ र आगामी आर्थिक वर्ष देखि छेनपा १० लाई कागती र आलु पकेट क्षेत्र, छेनपा १२ को मनाघाट तथा १ र ४ को खारा क्षेत्रलाई तरकारी पकेट क्षेत्र, जोब्र, सिर्सेनी तथा मनाघाट क्षेत्रलाई केरा खेतीको पकेट क्षेत्र, छेडागाड नगरपालिकाका सम्भावित क्षेत्रहरुमा आँप पकेट क्षेत्र, बजार क्षेत्रको नजिक बंगुरपालन व्यवसाय संचालन,

कार्कीगाउँ क्षेत्रमा मकैको विउ उत्लान पकेट क्षेत्र तथा छेनपा २ साल्मा तथा झाप्रा क्षेत्रलाई सुन्तला पकेट क्षेत्र घोषणा गरी सोही अनुरुप कार्यक्रम संचालन नीति अवलम्बन गरिनेछ ।

२२. छेडागाड नगरपालिकामा करिव ७ हजार घरधुरी रहेका छन् । कृषि उत्पादनको हिसाबले हेर्ने हो भने छेडागाड नगरपालिका सम्भावना बोकेको पालिका भएतापनि यहाँका करिव ३ हजार परिवारका सदस्यहरु रोजगारीको सिलसिलामा भारत जाने गरेको कुरा तथ्यांकले देखाएको छ । कोरोना भाइरसको कारण वैदेशिक रोजगारी गुमाएर स्वदेशमै रहेका दक्ष जनशक्तीलाई परिचालन गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्नसकिने सम्भावना रहेको छ ।साथै कृषकसँग मेयर कार्यक्रमको माध्यमबाट कृषि क्षेत्रलाई व्यवसायिकतामा रुपान्तरण गर्नको लागि कृषक प्रोत्साहन तथा साना अनुदान कार्यक्रम संचालन गरिनेछ ।

२३. हाल संचालनमा रहेका पकेट क्षेत्र तथा ब्लकहरुलाई निरन्तरता दिइनेछ । नगरक्षेत्र भित्र रहेको बाँझो, ऐलानी र पर्ती जग्गामा सामुदायिक तथा नीजि खेतिपाती गर्ने व्यवस्था गरिनेछ । कृषकहरुलाई व्यवसायिक पशुपालनमा आवद्ध गरिनेछ । रसायीनिक मलको सट्टा प्रांगारिक मल उत्पादनमा समेत कृषकहरुलाई उत्प्रेरित र प्रोत्साहन गरिनेछ ।

२४. दुग्धजन्य उत्पादनलाई व्यवसायीकरण र प्रवर्दधन गर्न दुध डेरी लगायत बजारको प्रवन्ध गरिनेछ साथै आवश्यकता अनुसार बजेट विनियोजन गरिनेछ ।

२५. व्यवसायीक बाख्रा, भैसी, कुखुरा आदी व्यवसायी तथा समुहहरुलाई लागत साझेदारीमा आधारित कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२६. लोप हुँदै गइरहेको परम्परागत र रैथाने बालीको संरक्षण गर्ने नीति लिइनेछ साथै यस नगरपालिकाको रैथाने बालीलाई ब्रान्डिङ गरि बजारीकरण गरिनेछ ।

२७. प्रदेश तथा संघीय सरकारसँगको साझेदारीमा पकेट क्षेत्रको अवधारणा बमोजिम एक वडा एक बाली उत्पादन कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

२८. कृषि उद्यमी तथा फर्म र समुहहरुलाई औजार तथा विउविजनमा सहुलियत गरिनेछ प्रदान गरिनेछ ।

२९. व्यवसायिक रुपमा स्थापित कृषकहरुलाई थप प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ । साथै कृषि तथा पशु क्षेत्रमा पुरस्कार तथा दण्ड सजायको अवधारणा बमोजिम कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

३०. प्रदेश तथा संघीय सरकारको साझेदारीमा कृषि बाली विमा तथा पशु विमा कार्यक्रम संचालन गरिनेछ ।

३१. प्रदेश सरकार तथा अन्य साझेदार निकायहरुसँगको साझेदारीमा नगरक्षेत्र भित्रका समथर जग्गा भएका कृषकहरुका लागि हाते ट्र्याक्टर वितरण गरिनेछ ।

३२. बाख्रा पकेट क्षेत्र संचालन भएका क्षेत्रहरुलाई मध्यनजर गरी बाख्रा श्रोत विकास केन्द्र स्थापना गरिनेछ ।

३३. नगरपालिका क्षेत्रभित्रका सहकारी तथा दातृ निकायहरुसँगको साझेदारीमा थलहबजार, मनाघाट र खारा क्षेत्रहरुमा आवश्यकता अनुसार कृषि संकलन केन्द्र तथा एग्रोभेट संचालन गरिनेछ ।

३४. नगरपालिकामा दर्ता भएका कृषि तथा पशुसँग सम्बन्धित फर्महरुलाई अनुगमन गरी प्रवर्धन र खारेजीको प्रकृया तत्काल थालनी गरिनेछ ।

३५. कृषि पेशा व्यवसायमा समयानुकूल परिवर्तन गर्न तथा व्यवसायिक किसानको खेतमा कर्म र उत्पादन योजनाको आधारमा प्रोत्साहन गर्ने नीति बनाइ लागु गरिनेछ । साथै यस नगरपालिकाको भौगोलिक बनावट वातावरणीय अवस्था र जल जमिनको उपलब्धता र माटोको प्रकृति अनुसार फलफूल खेती, ओखर, किवी, सुन्तला र कागती जोन, पशुपालन पकेट क्षेत्र, नगदेवाली अदुवा बेसार कपास खेती प्रवर्धन गर्ने नीति लिइनेछ ।

## सामाजिक विकास क्षेत्र

### स्वास्थ्य

३६. छेडागाड नगरपालिकामा ७ वटा स्वास्थ्य चौकीहरु, ८ वटा आधारभूत स्वास्थ्य चौकी, १ वटा नगर अस्पताल र १ वटा सामुदायिक स्वास्थ्य इकाइको स्थापना गरी संचालनमा रहेका छन् ।

३७. जनताको मौलिक अधिकारको रुपमा रहेको स्वास्थ्यको हकलाई सुनिश्चित गर्न स्वच्छ र स्वस्थ नागरिक, सफा र सुन्दर नगरपालिका भन्ने मूल ध्येयका साथ आधारभूत स्वास्थ्य सेवालाई भरपर्दो, जनमुखी र प्रभावकारी बनाइनेछ ।

३८. छेडागाड नगर अस्पताल स्थापना भएको झण्डै डेढ वर्ष भइसक्दा पनि नगर अस्पतालको आफ्नो भवन निर्माण नहुँदा सेवा प्रवाहमा समस्या उत्पन्न भएको छ । नगरपालिकाको वडा नं ५ वडावनमा अस्पताल प्रयोजनको लागि निर्माण भएको भवनहरुलाई प्रकृया पुर्याई नगर अस्पताललाई व्यवस्थापन गरिनेछ साथै छेडागाड नगरपालिकाको नगर अस्पतालको भवन निर्माणको कार्यलाई उच्च प्राथमिकतामा राखी निर्माण सम्पन्न गरिनेछ ।

३९. नगर अस्पतालमा जनशक्ति अभाव हुँदा प्रभावकारी सेवा संचालन गर्न सकिएको छैन । स्वास्थ्य तर्फका कर्मचारीहरुलाई क्षमता विकासका तालिमहरु प्रदान गरी प्रभावकारी सेवा संचालन गरिनेछ ।

४०. आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पहुँच पुर्याइनेछ । सुरक्षित मातृत्व शिशु प्रजनन स्वास्थयको सुनिश्चतताको लागि विशेष पहल गरिनेछ ।

४१. स्वास्थ्य क्षेत्रमा कार्यरत सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन र क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

४२. नगरपालिका क्षेत्रभित्र रहेका प्रत्येक स्वास्थ्य संस्थाहरुद्वारा मातृ शिशु स्वास्थ्य सेवालाई भरपर्दो र सुरक्षित बनाउन हप्ताका सातै दिन सुत्केरी जाँच तथा प्रसुती सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

४३. अत्यावश्यक औषधी भण्डारण तथा आकस्मिक चिकित्सकीय सेवाको प्रवन्ध मिलाइनेछ ।

४४. महिलाहरुको आङ खस्ने, पाठेघर क्यान्सर, आँखा, हाडजोर्नी र मुटु लगायतका अति आवश्यक विशेषज्ञ सेवा शिविरहरु संचालन गरिनेछ ।

४५. नगरपालिकाका आयूर्वेद औषधालयहरुको भौतिक पूर्वाधारको व्यवस्था गरी गुणस्तरीय सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ । उक्त क्षेत्रमा भएको जनशक्ती अभावलाई परिपुर्ती गर्न जनशक्ती करारमा लिई सेवा प्रवाह गरिनेछ ।

४६. नगरपालिका भित्र रहेको नगर अस्पताल, स्वास्थ्य संस्था तथा आधारभूत स्वास्थ्य संस्थाहरुको लागि टेण्डर प्रकृयाबाट औषधी लगायतका अन्य उपकरणहरुको व्यवस्थापन गरिनेछ ।

४७. विरामीहरुको चाप लगायत त्यहाँको भौतिक पूर्वाधारको अवस्थालाई मध्यनजर गरी स्वास्थ्य चौकी दशेरालाई थप स्तरोन्नती गरिनेछ ।

४८. नगरपालिकाको छेडागाड नगरपालिकाको वडा नं. १२ को मनाघाट, वडा नं. १२ को बल्ले (बेलटाकुरी), छेनपा ९ को राजीकोट र छेनपा १३ को खारा बस्तीमा सामुदायिक स्वास्थ्य केन्द्रहरु स्थापना तथा संचालन गर्न पहल गरिनेछ ।

४९. हाल दैनिक जीवनमा सेवन गर्ने विभिन्न खालका खाद्य उपभोग्य बस्तुहरुको खानपान र व्यवहारको कारण मानसिक स्वास्थ्य सम्बन्धीका विभिन्न खालका समस्याहरु उत्पन्न हुने कुरालाई मध्यनजर गरी मानसिक स्वास्थ्य सम्बन्धिका कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

५०. नेपाल रेडक्रस सोसाइटी तथा अन्य दातृ निकायहरुसँगको साझेदारीमा छेडागाड नगरपालिकामा आँखा उपचार शिविर संचालन गरिनेछ ।

५१. बालबालिकाहरुको पोषण स्वास्थ्यलाई मध्यनजर गरी नगरपालिका स्तरमा पाइने खाद्य बस्तुहरुको प्रयोग गरी पोषिलो पिठो निर्माण गरिनेछ साथै विद्यालयहरुमा आवश्यकता अनुसार वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

५२. छेडागाड नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुमा हुने सुत्केरी महिलाहरुको लागि नगरपालिकाको समानिकरण अनुदानबाट सुत्केरी हुने वित्तिकै प्रोत्साहन भत्ता उपलब्ध गराउन सुत्केरी प्रोत्साहन कोषको स्थापना गरी कार्यान्वयन गरिनेछ ।

५३. छेनपा ३ थलेचौरमा रहेको नागरिक आरोग्य सेवा केन्द्रलाई स्तरोन्नती गरी थलेचौर आयूर्वेद स्वास्थ्य केन्द्रको रुपमा स्थापना तथा संचालन गर्ने । कार्कीगाउँ आयूर्वेद स्वास्थ्य केन्द्रलाई भौतिक पूर्वाधार तथा जनशक्ति व्यवस्थापनको लागि आवश्यक नीति लिइनेछ ।

**शिक्षा**

५४. यस नगरपालिकामा १५ वटा मावि, २२ वटा आवि तथा ५५ वटा प्रावि गरी जम्मा ९२ वटा विद्यालयहरु संचालनमा रहेका छन् । त्यसैगरी संघीय सरकारबाट स्वीकृत भएका ६८ वटा र नगरपालिकाले स्वीकृत गरेका ६२ वटा गरी जम्मा बालविकास केन्द्रहरुको संख्या १३० वटा रहेको छ भने १२ वटा सामुदायिक सिकाई केन्द्रहरु तथा १ वटा सार्वजनिक पुस्तकालय तथा एकवटा क्याम्पस संचालनमा रहेका छन् । विद्यालयहरु धेरै हुनु र विषयगत शिक्षकहरु नहुँदा पठनपाठन कार्य प्रभावकारी नरहेको सन्दर्भमा आगामी आर्थिक वर्ष भित्र विद्यार्थी अनुपातमा शिक्षकहरुको व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

५५. अनिवार्य, निशुल्क र गुणस्तरीय विद्यालय शिक्षाको सुनिश्चितताको लागि आवश्यक प्रवन्ध मिलाइनेछ ।

५६. योग्य, प्रतिष्पर्धी र उद्यमशिल जनशक्ति तयार गर्न विद्यालयहरुमा भौतिक पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन गरी सूचना प्रविधिमा आधारित शिक्षण सिकाईलाई प्राथमिकताका साथ लागु गरिनेछ ।

५७. असल शैक्षिक अभ्यासहरुको अध्ययन तथा अवलोकन गरी आफ्नो विद्यालयमा सोही बमोजिमका कृयाकलापहरु अवलम्बन गर्नको लागि शैक्षिक भ्रमणको व्यवस्था मिलाइनेछ ।

५८. शिक्षक, विद्यार्थी र अभिभावकसँग मेयर कार्यक्रमको माध्यमबाट विद्यार्थी अभिभावक र शिक्षक विचको सम्बन्ध र बुझाईमा एकरुपता कायम गरी गुणस्तरीय शिक्षा प्राप्तीको लागि सोही अनुरुपका कृयाकलापहरु संचालन गरिनेछ ।

५९. विद्यार्थीहरुको व्यक्तिगत तथा वौद्धिक विकासको लागि विद्यालय स्तर तथा अन्तरविद्यालय स्तरीय अतिरिक्त कृयाकलापहरु संचालन गरिनेछ ।

६०. शैक्षिक गुणस्तर अभिबृद्धिको लागि कक्षा ८ को वार्षिक परीक्षा प्रणालीलाई प्रभावकारी थप मर्यादित बनाइनेछ भने कक्षा ५ को वार्षिक परीक्षालाई वडा स्तरीय बनाइनेछ ।

६१. शिक्षकहरुको शिक्षण क्षमता अभिबृद्धिको लागि तालिम, अन्तरकृया तथा अभिमुखीकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

६२. शिक्षकलाई शिक्षण सहायताका लागि सुपरिवेक्षणका विभिन्न मोडेलहरु अवलम्बन गरी कार्यान्वयन गर्ने वातावरण श्रृजना गरिनेछ ।

६३. छेडागाड नगरपालिकाका सबै वडाहरुमा लागु हुने गरी एक वडा एक (Resource Teacher) श्रोत शिक्षकको व्यवस्था गर्न कार्यक्रम तर्जुमा गरिनेछ ।

६४. सबै विद्यालयका प्रधानाध्यापकहरुसँग अनिवार्य रुपमा कार्यसम्पादन करार गर्ने र सोही कार्यसम्पादन मुल्यांकनको आधारमा प्र.अ. को जिम्मेवारीमा हेरफेर गरिनेछ ।

६५. विद्यालयको शिक्षण सिकाईको गुणस्तर र प्रभावकारीताको लागि नियमिति अनुगमन र निरीक्षण गरिनेछ र सोही आधारमा पुरस्कार तथा दण्ड सजायको व्यवस्था गरिनेछ ।

६६. विद्यालयको अनुगमन तथा निरीक्षणको लागि विद्यालयमा निरीक्षकको भूमिकालाई थप सशक्त बनाई परिचालन गरिनेछ ।

६७. प्रत्येक विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापन गरिनेछ । विद्यार्थी नभएका विद्यालयहरुलाई मर्ज गरि कार्यान्वयन गरिनेछ । अनौपारिक शिक्षा प्रेरणा कार्यक्रम अन्तर्गत सबै बालबालिकाहरुलाई विद्यालय सम्म ल्याउन, सिकाउन र टिकाउनको लागि प्रोत्साहनमुखी कार्यक्रमहरु संचालन गरिनेछ ।

६८. विद्यार्थीहरुको स्वास्थ्य संवेदनशिलतालाई मध्यनजर गरी संचालनमा ल्याइएको विद्यालय नर्सिङ कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

६९. स्थानीय स्तरमा डिप्लोमा सम्मको प्राविधिक जनशक्ति तयारी गरी विकास निर्माण र सामाजिक सेवाको लागि उत्कृष्ट विद्यार्थी छात्रबृत्ति कार्यक्रम संचालन गरिनेछ ।

७०. शैक्षिक सूचना प्रणालीलाई व्यवस्थित र भरपर्दो बनाउनका लागि शिक्षक, विद्यार्थी, विद्यालय कर्मचारी र विद्यालय सम्पतीको अभिलेख तयार गरिनेछ ।

७१. प्राविधिक शिक्षा विस्तारको लागि सम्भाव्यता अध्ययन तथा पूर्वाधार निर्माणको शुरुवात गरिनेछ तथा विषय पठनपाठनको व्यवस्था मिलाइनेछ साथै एक मावि एक प्राविधिक धार अध्ययन अध्यापनको व्यवस्था गरिनेछ ।

७२. विद्युतिय शैक्षिक सामाग्री उत्पादन र प्रसारणको लागि जनशक्तिलाई क्षमता विकास र आवश्यक सामाग्रीको उचित प्रवन्ध गरिनेछ ।

७३. अंग्रेजी माध्यममा शिक्षण सिकाई गर्ने विद्यालयलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

७४. पाँचतारा यूवा संरक्षक मंञ्चसँगको साझेदारीमा विद्यालयका भवनहरुको मर्मत संभार गरी आकर्षक बनाइनेछ ।

७५. नगरपालिकाको नगर शिक्षा नीति र योजनालाई समय सापेक्ष परिमार्जन गर्दै कार्यान्वयन गरिनेछ ।

७६. स्थानीय पाठ्यक्रम निर्माण तथा लागु गरी विद्यार्थीको सिकाइलाई जीवनोपयोगी र सीपमूलक बनाउने नीति अवलम्बन गरिनेछ ।

७७. नगरपालिकाका सबै विद्यालयहरुको शैक्षिक गुणस्तरलाई माथि उकास्न विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक र कार्यान्वयन गरी थप प्रभावकारी बनाइनेछ ।

७८. बालविकास केन्द्रहरुको सुदृढिकरणको लागि भौतिक पूर्वाधार विकास र सहजकर्ताहरुको क्षमता अभिबृद्धि गर्ने खालका कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

७९. नमूना विद्यालय विकास कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

८०. विद्यालयहरुमा निशुल्क स्यानिटरी प्याडको सहज वितरण र उचित तथा प्रभावकारी व्यवस्थापनको प्रवन्ध गरिनेछ ।

८१. राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निर्माण हुने विद्यालय भवनहरुलाई RCC मोडलमा निर्माण गर्ने र बाँकी भुक्तानी हुने रकम स्थानीय तहले व्यहोर्ने व्यवस्था मिलाइनेछ ।

८२. सामुदायिक सिकाई केन्द्रहरुलाई थप व्यवस्थित बनाउन भौतिक पूर्वाधार तथा अन्य संरचनाहरुको निर्माणमा जोड दिइनेछ ।

८३. विद्यालय व्यवस्थापन समितिहरुको कार्यकाल समाप्त भएको हुने र विभिन्न कारणहरु देखाएर समयमा विद्यालय व्यवस्थापन समिति गठन नगरी विद्यालयको नियमित कार्यहरु अवरुद्ध हुने साथै पठनपाठन समेत अवरुद्ध हुने समस्या भएको हुनाले विद्यालय व्यवस्थापन समिति गठन प्रकृयाको सहजीकरण गर्नको लागि नगर शिक्षा समितिलाई अधिकार प्रत्यायोजन गरिनेछ ।

८४. शिक्षाको गुणस्तर अभिबृद्धिको लागि अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ । एकदिन राष्ट्रसेवक कर्मचारीलाई विद्यालयमा कार्यक्रम र एकदिन विद्यार्थीसँग प्रहरी कार्यक्रम संचालन गरिनेछ ।

८५. प्रत्येक विद्यालयका विद्यार्थीहरुको प्रतिभा प्रष्फुटन गराउन र असल विद्यार्थी सक्षम विद्यार्थी निर्माणको लागि प्रतिभा पहिचान कार्यक्रम संचालन गरिनेछ ।

८६. विद्यालयहरुमा दिवा खाजा भान्सा घर निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

८७. सूचना प्रविधि मैत्री शिक्षण सिकाइको लागि पूर्वाधार निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

८८. उत्कृष्ट शैक्षिक नतिजा प्राप्त विद्यालयका शिक्षकहरुलाई अन्तर विद्यालय शैक्षिक सहजीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

८९. विद्यालयको शैक्षिक सुशासन, आर्थिक नियमितता र जवाफदेहिता अभिबृद्धि गर्न खरिद तथा लेखा व्यवस्थापन तालिमहरु संचालन गरिनेछ ।

९०. नतिजामा आधारित उत्कृष्ट व्यवस्थापन समिति, शिक्षक र विद्यार्थीलाई पुरस्कार तथा सम्मानको कार्यक्रम संचालन गरिनेछ ।

९१. सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको शिक्षण कौशलतामा सहजीकरण हुने गरी प्र.अ. तथा विषयविज्ञ बाट नमूना कक्षा शिक्षण तथा ज्ञान हस्तान्तरण गरिनेछ ।

९२. विद्यायको शैक्षिक गतिविधीहरुलाई प्रभावकारी बनाउन विद्युतिय अनुगमनको लागि आवश्यक प्रवन्ध गर्न गराउन पहल गरिनेछ ।

९३. विद्यालयहरुको मर्मत संभार तथा फर्निचर व्यवस्थापनको कार्य विद्यालयगत भन्दा पनि एकमुष्ट रुपमा संचालन तथा व्यवस्थापन गर्ने कार्यक्रम अगाडी बढाइनेछ ।

९४. उच्च शिक्षा तर्फ नगरपालिकाबाट MBBS र Engineering गर्न कम्तिमा २ जना जेहेन्दार विद्यार्थीलाई अध्ययन पश्चात् कम्तिमा २ वर्ष अनिवार्य नगरपालिकामा सेवा गर्ने गरी कबुलियतीनामा गराएर साझेदारीमा आधारित छात्रबृत्ति प्रदान गर्ने नीति अंगिकार गरिनेछ ।

**यूवा तथा खेलकुद**

९५. यूवाहरुलाई उद्यमी बनाई व्यवसायतर्फ उन्मूख गराउन क्षमता विकासका तालिम तथा सहुलियत अनुदानको व्यवस्था मिलाइनेछ ।

९६. शैक्षिक बेरोजगार यूवा परिचालन कार्यक्रम संचालन गरी पालिका भित्रका सबै स्नातक र स्नातकोत्तर शैक्षिक वेरोजगार जनशक्तिलाई कम्तिमा पनि १ महिना विद्यालयमा स्वयंसेवकको रुपमा परिचालन गर्ने नीति लिइनेछ ।

९७. विभिन्न प्रकोपहरु, राहत तथा उद्दार जस्ता सामाजिक अभियानहरु तथा अन्य सामाजिक परिचालनका कृयाकलापहरुमा यूवाहरुलाई परिचालन गरिनेछ ।

९८. नगरपालिका स्तरमा यूवा सूचना केन्द्रको स्थापना गरिनेछ ।

९९. स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुदको अवधारणा बमोजिम खेलाडीहरुको पहिचान गरी खेलाडीहरुको संरक्षण र विकास गरिनेछ साथै खेल पूर्वधार निर्माण तथा विभिन्न प्रतियोगिताहरु संचालन गरिनेछ ।

१००. युवाहरुलाई विशेष गरी उत्पादनमूलक कृयाकलापहरुमा संलग्न गराई उद्यमशिलता प्रवर्धन गर्ने नीति लिइनेछ ।

१०१. युवाहरुलाई जीवनोपयोगी सीपहरु प्रदान गर्नको लागि आवश्यक तालिमहरुको व्यवस्था गरिनेछ ।

१०२. नगरपालिका स्तरमा एकवटा खेलकुद मैदान निर्माण गरिनेछ ।

१०३. खेल जगतको विकास र प्रवर्धनको लागि प्रत्येक वडाहरुमा एक वडा एक खेलकुद मैदानको मर्म बमोजिम खेलकुद मैदान निर्माण गर्न सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

**पञ्जीकरण तथा सामाजिक सुरक्षा**

१०४. सामाजिक सुरक्षाका कार्यक्रमहरुको रकम दुरुपयोग भएको भन्ने विगतमा आउने गरेका जनगुनासाहरुलाई न्यूनिकरण गर्नको लागि सामाजिक सुरक्षा वितरणलाई बैंकिङ प्रणालीमा आवद्ध गरिएको छ । यहाँको भौगोलिक विकटता र छिटो छरितो बैंकिङ प्रणाली नहुँदा सेवाग्राहीहरुमा पर्न गएको असुविधालाई मध्यनजर गरी तत्काल नगरपालिकाको केन्द्रमा एकवटा ग्लोबल आईएमई बैंकको काउण्टर तथा अर्को कुनै बैंकको शाखा स्थापनाको लागि पहल गरिनेछ ।

१०५. दोहोरो नहुने गरी ६० वर्ष पुरा भएका एकल पुरुषहरुलाई सामाजिक सुरक्षा भत्ताको दायरामा ल्याई निजहरुको जीवन निर्वाहलाई सहज र सरल बनाईनेछ ।

१०६. आमाबुवा नभएका अनाथ र साहारा विहिन ५ देखि १५ वर्ष सम्मका बालबालिकाहरुको पालनपोषण र पठनपाठनको लागि जीवन निर्वाह भत्ताको व्यवस्था गरिनेछ ।

१०७. नगरपालिकाको सबै वडा कार्यालयहरुमा इन्टरनेटको सहज सुविधा नहुँदा व्यक्तिगत घटना दर्ता तथा अन्य अनलाइनबाट हुने कामहरु संचालनमा कठिनाई भएको हुनाले सहज सुविधा उपलब्ध गराउन सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक**

१०८. महिला तथा बालबालिकाहरु माथी हुनै सबै खालका घरेलु तथा सामाजिक हिंसाहरुको अन्त्यको लागि कृयाकलापहरु संचालन गरि महिला तथा बाल हिंसाको अन्त्य गरिनेछ ।

१०९. बालविवाह न्यूनिकरणको लागि बालविवाह मुक्त वडा घोषणा जस्ता कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

११०. लक्षित वर्गहरुको क्षमता विकासको लागि विभिन्न सीपमूलक तालिम तथा अन्य कृयाकलापहरु संचालन गरिनेछ ।

१११. आर्थिक, सामाजिक र शैक्षिक रुपले पछाडी परेका वा पारिएका दलित, महिला, आदीबासी जनजाती, अल्पसंख्यक, श्रमिक मजदुर, कृषक र शारिरीक रुपले अशक्त व्यक्तिहरुको सार्थक सहभागिताको लागि क्षमता विकासका कृयाकलापहरु संचालन गरिनेछ ।

११२. सामाजिक अन्ध विश्वास र प्रथा परम्परा लगायतका लगायतका कुरिती र कुसंस्कारको अन्त्य गरी सौहार्दपूर्ण सामाज निर्माणको लागि आवश्यक पर्ने कृयाकलापहरु संचालन गरिनेछ ।

११३. समाजका रहेका ज्येष्ठ नागरीकहरुबाट अनुभवहरु ग्रहण गर्ने र निजहरुलाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

११४. सामाजिक क्षेत्रमा काम गर्ने सबै साझेदार निकायहरुसँगको साझेदारीमा प्रभावकारी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

११५.	दक्ष नागरिक उत्पादनको लागि पोषण सुधार गर्ने नीति अवलम्बन गरिनेछ । जससँग सम्बन्धित बहुक्षेत्रीय पोषण कार्यक्रम र स्वास्थ्य शाखा मार्फत संचालन हुने पोषण कार्यक्रमलाई सघन रुपमा संचालन गरिनेछ ।

११६.	विगतका वर्षहरुमा नगरपालिकाले स्थापना गरेको बाल अक्षयकोषलाई परिचालन गर्नको लागि अक्षयकोष संचालन नीति निर्माण गरिनेछ ।

११७.	यस नगरपालिका क्षेत्रमा रहेका अशक्त, अपांग, असहाय, गरिव, साहारा विहिन बालबालिकाको पठनपाठन र पालनपोषणको लागि नगरप्रमुखको सेवा सुविधा कट्टी गरी बालबालिका सहायता कोष स्थापना गरि परिचालन गरिनेछ ।

११८.	बालबालिका र अभिभावक वीचको सम्बन्ध सुमधुर बनाउन बालबालिका र अभिभावक सचेतिकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

११९.	महिला तथा बालबालिकासँग उपमेयर कार्यक्रम अन्तर्गत ICDP (अन्तराष्ट्रिय बालविकास कार्यक्रम) संचालन गरी महिला सुरक्षा तथा सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

१२०.	गरिव तथा विपन्न घरपरिवारको पहिचान गरी परिचयपत्र तथा विपन्न घरपरिवार लक्षित सेवा सुविधालाई सोही परिचयपत्रसँग आवद्ध गरिनेछ । यस नगरपालिकामा संचालित जीविकोपार्जन कार्यक्रमलाई मानव विकास सूचकांकमा पछाडी परेका वडामा विस्तार गरिनेछ ।

१२१.	विभिन्न संघर्ष, जनयुद्ध, जनआन्दोलनका क्रममा शहिद,वेपत्ता भएका घरपरिवार, घाइते अपांग भएका व्यक्ति र परिवारका सदस्यहरुको आर्थिक, सामाजिक र शैक्षिक अवस्था परिवर्तनमा टेवा पुग्ने राहात, पुनर्मिलन तथा पुनर्स्थापनाको लागि आवश्यक नीति बनाई कार्यान्वयन गरिनेछ ।

## पूर्वाधार विकास

१२२.	छेडागाड नगरपालिकामा हालसम्म ट्र्याक ओपन गरिएको सडक ६१.५ किलोमिटर रहेको छ भने सहायक सडकको १४९.९ किलोमिटर ट्र्याक ओपन भएको छ । आगामी आर्थिक वर्षमा माथी उल्लेखित सडकको मर्मत संभारको कार्य तथा बाँकी वडाहरुमा सडक संजालको पहुँच पुर्याउन थप ट्र्याक ओपन गरिनेछ ।

१२३.	छेडागाड नगरपालिकाको प्रशासनीक केन्द्र टुंगो नलागी दैनिक प्रशासनिक कार्यहरु संचालन गर्न कठिनाई भएको अवस्थामा आगामी आ. व. को पहिलो चौमासिक भित्र छेडागाड नगरपालिकाको वडा नं. ५ चंखिलामा केन्द्रको टुंगो लगाई नगरपालिकाको भवन निर्माणको कार्यको थालनी गरिनेछ ।

१२४.	नेपाल सरकार, प्रदेश सरकार तथा विभिन्न दातृ निकायहरुसँगको आर्थिक सहयोगमा शिवालय गाउँपालिका वडा नं. ९ मोर्क बजार देखि छेडागाड नगरपालिकाको वडा नं. ५ थलह बजार सम्म जोड्ने सडकलाई आगामी आर्थिक वर्षको अन्त्य सम्म कालोपत्रे गराइनेछ ।

१२५.	छेडागाड नगरपालिकामा हालसम्म ४३ वटा भवनहरु निर्माण भएका छन् भने १२ वटा भवनहरु क्रमागत रुपमा निर्माणाधिन अवस्थामा रहेका छन् भने छेडागाड नगरपालिकाका २,३,५ र ६ का वडाहरुको आफ्नै भवनबाट दैनिक प्रशासनिक सेवा संचालन हुँदै आइरहेको छ । त्यसैगरी हाल वडा नं. ४,९,१० र ११ नम्बर वडा कार्यालयको भवनहरु निर्माणाधिन अवस्थामा रहेका छन् भने आगामी आ.व. २०७९/८० मा बाँकी वडा कार्यालयहरुको भवन निर्माणको प्रकृया अगाडी बढाइनेछ ।

१२६.	आगामी आर्थिक वर्षमा वडा नं. ७ टिकाचौरलाई सडक संजालले जोडिनेछ । छेडागाड नगरपालिका वडा नं. १ जोड्ने सोडारी जाल्मा खामालेक सडकको स्तरोन्नती र वडा नं. २ को मनाघाट पिपलतरा अन्दरकोट जोड्ने

सडकको ट्र्याक ओपन गरिनेछ ।त्यसैगरी वडा नं. १२ को मनाघाट सिर्सेनी जोबर आल हुँदै पोखरा जोड्ने सडक, वडा नं. १३ को लिर्ता मछाइना सडक र वडा नं. १० को झाप्रा खलटाकुरा हुँदै मछाइना सडकको स्तरोन्नती गरिनेछ ।

१२७. नगरपालिका दैनिक प्रशासनीक कार्यहरु अनलाइन प्रणालीबाट संचालन गर्नुपर्ने र धेरै जसो समुदायहरु फोन तथा नेट इन्टरनेटको पहुँच बाहिर भएको हुनाले उक्त समस्यालाई मध्यनजर गरी नगरपालिकाको केन्द्रलाई मध्यनजर गरी नेपाल टेलिकमसँगको समन्वयमा नेपाल टेलिकम GSM सेवा सहितको टावर स्थापना गरिनेछ ।

१२८. अरु शाखा सडकहरुको मर्मत संभार गरी बाह्रै महिना यातायात सुचारु गर्नको लागि मर्मत संभार कोषमा आवश्यक बजेट विनियोजन गरिनेछ र सोही अनुसार सडकहरुको मर्मत योजना निर्माण गरि कार्यान्वयन गरिनेछ ।

१२९. सडक मर्मत तथा संभारको लागि आवश्यक पर्ने हाल काम गरिरहेका पिटौलीहरुलाई निरन्तरता दिइनेछ झोलुंगे पुलहरुको संरक्षणको लागि नगरपालिकामा रहेका पुल हेरालुहरुलाई निरन्तरता दिइनेछ ।

१३०. हेल्भेटास नेपालसँगको साझेदारीमा संचालन हुने सुरक्षित खानेपानी तथा सरसफाई योजनाहरुको कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

१३१. नगरपालिकाको सरसफाईको नाजुक अवस्थालाई मध्यनजर गरी नगरपालिका स्तरीय सरसफाई कार्यक्रम संचालन गरिनेछ ।

१३२. नगरपालिकाको आवश्यक पर्ने स्थानहरुमा झोलुंगे पुल निर्माणको कार्यहरु अगाडी बढाइनेछ ।

**सहकारी**

१३३. नगरपालिका स्तरमा रहेका सहकारीहरुको लागि क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

१३४. कृषि उपजको बजार व्यवस्थापनको लागि सहकारी संस्थाहरुलाई जिम्मेवार बनाइनेछ साथै सहकारीलाई मुख्यतया उत्पादनमा जोडिनेछ ।

१३५. सहकारी संस्था तथा नगरपालिकाको साझेदारीमा नगरपालिका स्तरीय तरकारी संकलन केन्द्र तथा एग्रोभेट संचालन गरिनेछ ।

१३६. श्रममा आधारित कम्तिमा ३ वटा सहकारी संस्था निर्माण गरी नगरपालिका क्षेत्रभित्र निर्माण हुने विकास निर्माणका काममा प्रत्यक्ष संलग्न गराई आगामी आर्थिक वर्षमा कम्तिमा पनि १५० जना व्यक्तिहरुलाई स्वरोजगार बनाइनेछ ।

१३७. नगरपालिका क्षेत्रभित्रका सहकारीहरुलाई निश्चित मापदण्डको आधारमा प्रवर्धन र खारेजीको प्रकृया थालनी गरिनेछ ।

१३८. कृषि उपजको आवश्यक बजार व्यवस्थापनको लागि सहकारी संस्था मार्फत सहजीकरण गर्ने संकलन केन्द्र तथा सहकारी संस्थालाई आवश्यक प्रोत्साहन गरिनेछ ।

**पर्यटन तथा घरेलु उद्योग**

१३९. छेडागाड नगरपालिकाको वडा नं. २ मा रहेको सुयाडा मालिका, वडा नं. १२ को समालथाना मालिका र वडा नं. ८ पजारुको घोगीमा रहेका पौराणिक देवल र मछाइना मालिका क्षेत्रलाई आन्तरीक र बाह्य पर्यटनको आकर्षणको केन्द्रको रुपमा चरणबद्ध रुपमा विकास गरिनेछ ।

१४०. यस पालिकामा रहेका सबै धार्मीक तथा पर्यटकीय क्षेत्रहरुको पहिचान गरी प्रवर्दध गर्ने खालका कृयाकलापहरु संचालन गरिनेछ ।

१४१. छेडागाड नगरपालिकाको वडा नं. १२ को मध्यपहाडी राजमार्गको पालेबाटको माथिल्लो स्थानमा गार्मेन्ट उद्योग स्थापनाको लागि पहल गरिनेछ ।

१४२. छेडागाड नगरपालिका रहेको काइनाइट, टुर्मालिन लगायत बहुमुल्य पत्थरहरुको प्रशोधन र वितरणको लागि नगरपालिका स्तरमा एकवटा उद्योग स्थापना गरिनेछ ।

१४३. पर्यटनको विकास र प्रवर्दनको लागि छेडागाड नगरपालिकाको वडा नं ७ टिकाचौरलाई विशेष वडाको रुपमा विकास गरी होम स्टे तथा पर्यटन पूर्वधारहरुको विकास गरिनेछ ।

१४४. पालिका स्तरमा रहेका सबै धार्मीक स्थल तथा क्षेत्रहरुको पहिचान गरी परम्परागत धर्महरुको संरक्षण गरिनेछ ।

१४५. पालिका स्तरमा रहेका हाते कागज, अल्लो प्रशोधन, कागती जुस उत्पादन तथा अन्य साना तथा घरेलु उद्योगहरुको विकास र प्रवर्धनको लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।

१४६. अतिथि सत्कार मौलिक खान, मौलिक संस्कृति प्रवर्धन सम्बन्धी अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

**प्रधानमन्त्री तथा रोजगार कार्यक्रम**

१४७. यस छेडागाड नगरपालिकाका रोजगार केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम् रोजगारीको प्रत्याभूती गर्न कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी श्रममूलक आयोजना मार्फत समुदायको विकास सँगसँगै सामाजिक संरक्षणको प्रत्याभूती गराइनेछ ।

१४८. यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालनलाई थप सशक्त रुपमा कार्यान्वयन गर्न थप आन्तरीक श्रोत समेत थप गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।

१४९. रोगजार सेवा केन्द्रमा सूचीकृत वेरोजगार श्रमिकहरुलाई रोजगारी दिनका लागि यस आर्थिक वर्षमा वेरोजगार लक्षित कार्यक्रम संचालन गरी ३ महिना खाना नपुग्ने बेरोजगार व्यक्तिहरुलाई १०० दिनको रोजगारी तथा ५० दिनको काम सहितको रोजगारमूलक तालिमको व्यवस्थापन गरी एक घर एक रोजगारको अवधारणा अनुरुप स्वरोगजार बनाउन पहल गरिनेछ ।

१५०. रोजगार सेवा केन्द्रलाई थप व्यवस्थापन गरी श्रम बैंक स्थापना गर्ने नेपाल सरकारको योजनालाई नगरपालिकाका १३ वटै वडा मार्फत सम्बद्ध संस्थाहरुसँगको सहकार्यमा प्रभावकारी कार्यान्वयन गरी रोजगारको प्राप्तीलाई सहज बनाइनेछ ।

१५१. यस कार्यक्रम मार्फत श्रममा आवद्ध भई काम गरेका श्रमिकहरुको पारिश्रमिक वापतको रकम वितरण बैंकिङ प्रणाली मार्फत भईरहेको हुनाले बैंकमा खाता संचालन हुँदाका बखत उपभोक्ताहरु लाइनमा बसेर लामो समय सम्म पनि खाता संचालन नहुने र भुक्तानी लिनुपर्ने पारिश्रमिक वापतको रकम भुक्तानी नहुने भएको हुनाले संघीय सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा भुक्तानी प्रकृयालाई सहज बनाइनेछ ।

१५२. प्रधानमन्त्री रोजगार कार्यक्रमको जनशक्ती कम हुनु र योजनाहरुको संख्या धेरै हुने भएकोले प्राविधिक तर्फको कर्मचारीहरुको थप व्यवस्थापन गरिनेछ ।

१५३.	प्रधानमन्त्री रोजगार कार्यक्रम शिर्षकमा प्राप्त भएको बजेटलाई ज्यालामा खर्च गर्ने र वित्तिय समानीकरण अनुदान वापत नगरपालिकालाई प्राप्त हुने बजेटलाई सामाग्री खरिद तथा ढुवानीमा खर्च गर्ने गरी योजना तर्जुमा गरिनेछ ।

१५४.	प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएका योजनाहरुमा डोजर प्रयोग गर्ने परिपाटीलाई पूर्ण रुपमा बन्देज गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

१५५.	नगरपालिका क्षेत्र भित्रका वन उपभोक्ता समितिहरुको वार्षिक कार्ययोजना स्वीकृतीको सिफारिस सम्बन्धित स्थानीय तहबाट नभए सम्म जिल्ला बन कार्यालयले त्यस्ता उपभोक्ता समितिहरुको कार्ययोजना स्वीकृत नगर्ने व्यवस्था मिलाउनको लागि जिल्ला बन कार्यालयसँग समन्वय गरि वन उपभोक्ता समितिहरुलाई नगरपालिकाको माताहतमा रहने र तिनीहरुको अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

१५६.	सामुदायिक वन उपभोक्ता समितिको कुल आम्दानीको कम्तिमा पनि १० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने कानूनी व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।

१५७.	खोटो संकलनको नाममा बर्षेनी वन फडानी र जंगलको दोहन कार्य तिव्र रुपमा हुँदै गइरहेको हुनाले आगामी आ. व. देखि खोटो संकलनको कार्यलाई पूर्ण रुपमा बन्देज गरिनेछ साथै सल्लीको काठ निर्यातलाई समेत पूर्ण बन्देज लगाइनेछ ।

१५८.	दिनानुदिन यस छेडागाड नगरपालिकाका वन क्षेत्रहरुमा जंगल फडानी हुने र जंगलहरु खाली हुँदै गइरहेको सन्दर्भमा प्रदेश तथा संघिय सरकारसँगको समन्वयमा खाली जग्गाहरुमा बृक्षारोपणको कार्यलाई सहयोग पुग्ने खालका कार्यक्रमहरु तय गरि कार्यान्वयन गरिनेछ ।

१५९.	छेडागाड नगरपालिका विपद जोखिमको हिसाबले अत्यन्त प्रभावित क्षेत्र भएको हुनाले नदि किनाराहरुमा तटबन्धमा तटबन्धनको वन्दोबस्त र नदीको कटानबाट जमिन तथा तटिय बस्तीहरु सुरक्षित बनाइनेछ ।

१६०.	नगरपालिकामा आउने विपद जोखिमको सामना गर्न, उद्दार, राहत तथा पुनर्लाभ हासिल गराउन नगरपलिकाको प्रकोप व्यवस्थापन कोषमा पर्याप्त रकम विनियोजन गर्ने व्यवस्था मिलाइनेछ ।

१६१.	कर्णाली प्रदेश सरकारको दिगो वन व्यवस्थापन: स्वच्छ, स्वस्थ र समृद्ध जीवनयापन भन्ने सोचलाई कार्यान्वयन गर्न वन पैदावारको उचित संरक्षण, संकलन, सदुपयोग र व्यवस्थापन गरिनेछ । वन पैदावारको निर्यात कार्यलाई व्यवस्थित गरिनेछ ।

१६२.	वनको संरक्षण र सम्बर्धनका लागि समुदायलाई बनसँग जोड्न, वनको महत्व प्रचार गर्न, चोरी सिकारी निरुत्साहित गर्न, वन आगलागीका घटना न्यूनीकरण गर्नुका साथै खोलामा करेन्ट लगाएर माछा मार्ने कार्यलाई निरुत्साहित गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

१६३.	सामुदायिक वनलाई आयमूलक तथा व्यवसायिक वनको रुपमा समेत विकास गरिनेछ ।

## सुशासन तथा संस्थागत विकास

१६४.	नगरपालिकाका सबै वडाहरुमा सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाह गरिरहेको सन्दर्भमा केही वडाहरुमा प्रभावकारी नेट इन्टरनेट नहुँदा सेवा प्रभावित भई नगरपालिकामा आई सेवा लिनुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गरिनेछ ।

१६५.	सार्वजनिक जवाफदेहिताको मर्म अनुरुप नगरपालिकाले गर्नुपर्ने नियमित कार्यक्रमहरु जस्तै: सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई, नागरिक वडापत्रको व्यवस्था, सामाजिक परीक्षण, अनुगमन तथा निरीक्षणको साथै अन्य आवश्यक कार्यक्रम तथा कृयाकलापहरु संचालन गरिनेछ ।

१६६. सामाजिक सद्भाव र सामाजिक विविधताको प्रभावकारी व्यवस्थापन गरिनेछ । त्यसका लागि कानून बमोजिम सकारात्मक विभेदको नीति समेत अख्तियार गरिनेछ । कुनै पनि प्रकारको भेदभाव, विभेद र शोषण, कुप्रथा र विकृतीलाई दण्डित र निरुत्साहित गरिनेछ । नगरपालिकालाई छुवाछुत मुक्त नगरपालिकाको रुपमा घोषणा गर्नको लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१६७. छेडागाड नगरपालिकामा प्रदान गरिने न्यायलाई स्वतन्त्र, निष्पक्ष, छिटोछरितो र भरपर्दो बनाउन न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन न्यायीक समितिको कार्यालयलाई व्यवस्थित गरिनेछ। त्यसको लागि न्यायिक समितिमा रहने कर्मचारी तथा न्यायिक समिति तथा मेलमिलापकर्ताहरुलाई आवश्यक तालिम तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।

१६८. नागरिकलाई सूचना तथा संचारको प्रत्याभूती गराउन नगरमा छापा तथा अनलाइन मिडियाको प्रवर्दन गरिनेछ साथै विशेष गरी नगरपालिका र आसपासका क्षेत्रहरुको सूचनाको हकलाई स्थापित गराउन सरोकारवाला निकायहरुसँगको समन्वय र सहकार्यमा नगरपालिका स्तरीय एफ.एम. रेडियो स्थापना गरिनेछ ।

१६९. नगरपालिकाको आवश्यकता र प्राथमिकतामा रहेका दिर्घकालसम्म उपयोग गर्न सकिने आयोजनाहरु छनौट गरी कार्यान्वयन गरिनेछ । जसको लागि प्रभावकारी कार्यान्वयन, अनुगमन र मुल्यांकनको व्यवस्था गरिनेछ ।

१७०. सार्वजनिक, निजी र सहकारीको अवधारणा बमोजिम भौतिक पूर्वाधार निर्माण र आर्थिक उपार्जन हुने खालका कार्यक्रमहरु तय गरी कार्यान्वयन गरिनेछ । नगरपालिकामा भएका उत्पादनहरुलाई दैलेख, सुर्खेत र जुम्ला जिल्लासँग समन्वय गरी व्यापार प्रवर्धन गरिनेछ ।

१७१. राजश्व तथा कर प्रशासनलाई सुधार गरी राजश्वको दायरा बढाई आन्तरीक आम्दानी बृद्धि गरिनेछ ।

१७२. चालु खर्चलाई नियन्त्रण गरिनेछ भने पुँजीगत खर्चलाई सतप्रतिशत पुर्याउन तर्फ लागिनेछ । साथै खर्चको क्षमता बढाउदै खर्चलाई उत्पादनमूलक तथा पारदर्शी बनाइनेछ ।

१७३. नगरपालिका क्षेत्र भित्र रहेका दैनिक खाद्य बस्तुका पसल तथा औषधी पसलहरुको प्रभावकारी नियमन गरि उपभोक्ताको खाद्य सम्बन्धी अधिकारलाई सुरक्षित बनाइनेछ ।

१७४. सार्वजनिक खरिद प्रणालीलाई प्रतिष्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउने तथा खरिद प्रशासनको क्षमता बढाइनेछ । साथै नगरपालिकाको सार्वजनिक खरिद नियमावलीलाई प्रभावकारी रुपमा प्रयोगमा ल्याइनेछ ।

१७५. यस नगरपालिकाका जनप्रतिनिधी तथा प्रशासनिक जनशक्तिको क्षमता अभिबृद्धि गर्न प्रभावकारी कार्यक्रमहरु संचालन गरिनेछ ।

१७६. नगरका सम्पूर्ण काम कार्वाहीहरु लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन नगरपालिकामा रहेको सार्वजनिक महत्वको सूचनामा नगरबासीको पहुँचलाई सरल र सहज बनाउनको साथै नागरिकका हितमा प्रतिकूल असर पार्ने संवेदनशिल सूचनाहरुको संरक्षण गरिनेछ तथा नागरिकको सुसूचित हुने हकलाई संरक्षण गरिनेछ ।

Sustainable Energy for All को Global Agenda लाई मूर्त रुप दिन तथा Access र Efficiency प्रबर्धन गरी नगरमा नमूना लघु जलविद्युत आयोजना संचालन गरिनेछ र चालु आयोजनाहरुलाई तत्काल संचालन गर्न आवश्यक श्रोतको व्यवस्था गरिनेछ । साथै नगरका सबै वडाहरुलाई केन्द्रिय प्रसारण लाइनमा तीन वर्ष भित्रमा आवद्ध गरिनेछ ।

१७७. नविकरणीय र बैकल्पिक उर्जामा जोड दिइनेछ ।

१७८. समृद्ध छेडागाडको यात्रामा टेवा पुग्ने गरी विभिन्न गुरुयोजनाहरु निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१७९. नगरपालिकाका केही वडाहरु बालमैत्री तथा सतप्रतिशत बालबालिका विद्यालय भर्ना र निरन्तरता भएको वडा, साक्षरता वडा घोषणा भइसकेको र बाँकी वडाहरुलाई पनि उक्त अभियानमा लाग्न उत्प्रेरित हुने खालका कार्यक्रमहरु संचालन गरी वडा घोषणा गरिनेछ ।

१८०. नगरपालिकाको कम्तिमा पनि एकवटा स्थानलाई ल्याण्डफिल साइट छनौट गरी फोहोर मैला व्यवस्थापन गरिनेछ । फोहोर उत्पादनमा न्यूनिकरण, पृथकिकरण, पुनचक्रण र पुन: प्रयोग गरिनेछ । नदिमा फोहोर मिसाउने कार्यलाई दण्डित गरिनेछ । समष्टिमा फोहोरमैला प्रति शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ । नगरपालिकाका उपयुक्त स्थानहरुमा बनभोज तथा मनोरञ्जन स्थलहरु निर्माण गरिनेछ ।

१८१. नेपालको संविधान, स्थानीय तहको अधिकार तथा कार्य विस्तृतीकरण एवं अन्य प्रचलित नेपाल कानून बमोजिम सार्वजनिक तथा भाडाका सवारी साधनहरुको भाडा निर्धारण सम्बन्धी अधिकारको प्रयोग गरी उपभोक्ता अधिकारको प्रत्याभूती तथा यातायात क्षेत्रलाई उत्तरदायी, सेवामूलक र मर्यादित बनाइनेछ साथै भेरी नगरपालिकाको स्याउली बजारदेखि कार्कीगाउँ सम्म, कार्कीगाउँ देखि मनाघाट, थलहबजार देखि सुयाडा सम्म, थलहदेखि पजारु सम्म र झाप्रा देखि मछाइना सम्म १२ महिना सडक यातायातहरुको व्यवस्थापन गरी बस तथा साना गाडीहरुको आवागमन गरिनेछ ।

१८२. नगरपालिकामा प्रत्येक बालबालिकालाई पहुँच योग्य, समान र गुणस्तरीय शिक्षाको लागि आवश्यक प्रबन्ध गरिनेछ । बालविवाह, बालश्रम, बालबालिकाहरुमाथी हुने गरेको अपराध तथा मानव बेचविखन विरुद्धको अभियानहरु संचालन गरिनेछ ।

१८३. सामाजिक सुरक्षा लगायत नगरपालिकाको दैनिक भुक्तानी प्रकृयालाई थप व्यवस्थित र प्रभावकारी बनाउनको लागि नगरकार्यपालिकाको कार्यालय नजिक रहने गरी एकवटा बैंकको शाखा स्थापना गरिनेछ ।

१८४. लोककल्याणकारी राज्य व्यवस्थामा सामाजिक न्यायको व्यवहारिक अनुभूती दिलाउन प्रचलित कानून बमोजिम नगरपालिकाका सबै तहमा सामाजिक समावेशीकरणको नीति अवलम्बन गरिनेछ ।

१८५. संघीय तथा प्रदेश निजामती सेवा ऐन पारित भए पश्चात् प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम नगरपालिकामा स्थानीय सेवाको गठन गरी संचालन तथा व्यवस्थापन गरिनेछ ।

१८६. व्यक्तिगत घटना दर्ता प्रणालीलाई विधुतिय माध्यमबाट व्यवस्थित गरिनेछ । यसलाई प्रविधिमैत्री, अद्यावधिक तथा उत्तरदायी बनाइनेछ । विद्युतिय सरकारलाई व्यवहारिक रुप दिंदै अभिलेख प्रणालीलाई वैज्ञानिक तथा व्यवस्थित गरिनेछ ।

**अन्त्यमा,**

छेडागाड नगरपालिकाको नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्नुहुने नगरपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, निजी क्षेत्र, नागरिक समाज, संचारकर्मी लगायत सम्पूर्ण नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।**